माण्डवी गाउँपालिका
गाउँपालिकाको कार्यालय
नयाँगाउँ, प्यूठान

आज मिति २०७५/९/२ गते यस माण्डवी गाँउपालिका, गाँउ कार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

**निर्णयहरु**

निर्णय न. १ प्रस्ताव न.माथि छलफल गर्दा यस माण्डवी गाँउपालीका अर्न्तगत मुख्य सडकहरुकमा २० वटा सोलार स्ट्रील लाइट संचालन गर्न अनुमानित लागत रु. २४,००,०००/- लाग्ने भएकोले तेस्रो गाँउसभाबाट रु. १५,००,०००/- बजेट विनियोजन भएकोमा अपुग रकम रु. ९००,०००/- यही आउँदो हिउंदे गाँउसभा अधिवेशनबाट बचेको रकमबाट बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णण नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा तेस्रो गाँउसभाबाट विनियोजित चकचके, देवीस्थान, जश्पुर बृहत खानेपानी योजनामा रु. २१,५०,०००/- ले तीनवटै स्थानमा काम सम्पन्न नहुने भएकोले चकचके बृहत खानेपानी योजनामा रु. १०,७५,०००/- र जस्पुर खानेपानी योजनामा रु १०,७५,०००/- विनियोजन गर्दा यी दुवै स्थानमा काम सम्पन्न हुने देखिएकाले सोही अनुसार योजना संञ्चालन गर्ने र देवीस्थान खानेपानी योजनामा आउदो हिउँदे गाँउसभा अधिवेशनमा आवश्यक बजेट विनियोजन गरी योजना सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपशिल अनुसारको योजनाहरुको DPR गर्ने निर्णय गरियो ।

**तपशिल**

१. माण्डवी गा.पा.१ गर्जेनी देखी माण्डवी ५ एकचोटे पक्की पुल निर्माण
२. माण्डवी ३ आपचौर बृहत खानेपानी योजना
३. माण्डवी ३ स्याउलीघारीदेखि प्यु न.पा. १ पुलघाट पक्की पुल निर्माण
४. नयाँगाउँ वडा कार्यालयदेखी उदयपुरकोट सडक निर्माण

निर्णय नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यही २०७५ असोज महिनामा यस गाँउपालीकाको तिराम, मर्कावाङ, लगायतका स्थानमा खोरेत रोगको महामारी देखीएकोले सो रोगको उपचारका लागी रु १००,०००/- बराबरको औषधी खरिद गरिएको र सो रकम भैपरी आउने खर्च शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा व्यवसायिक तरकारी उत्पादन कार्यविधि २०७५ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि २०७५ पारित गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत